# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## अध्यक्षको कार्यालय

कृतज्ञता सम्बन्धमा

सम्पूर्ण लगानीकर्ता तथा सञ्चारकर्मी साथीहरू,

सार्वजनिक भूमिकामा बिल्कुल नयाँ अनुभव र प्रयास गर्ने गरी २०७८ फाल्गुन ५ गते नेपाल धितोपत्र बोर्डको अध्यक्षको रूपमा मेरो यात्रा सुरु भएको थियो।

यस यात्राको क्रममा नेपालको दीर्घकालिन आर्थिक समृद्धिमा सहयोगी हुने कयौं सकारात्मक सुधारका प्रयास शुरु भएका छन्। स्टार्ट अप (Start-Up) तथा उद्यमशिलता विकास र पूँजी निर्माणको सबलीकरण एवम् एसएमइ (SMEs) Eco-systems को माध्यमले एक नयाँ आयाम सिर्जना गर्नेछ। सुशासन, प्रतिस्पर्धा र गुणवत्ता (Meritocracy) को वातावरण मार्फत बजारलाई स्वच्छ तथा पारदर्शी बनाउने र उच्चतम जवाफदेहिता राखी कानून कार्यान्वयको स्थिरताबाट लगानीकर्ताको हित संरक्षणमा निरन्तरता दिनुको साथै विशेषगरी "स्तुतिको संस्कार (Culture of Glorification)" बाट "कार्यसम्पादन संस्कार (Culture of Performance)" को रूपान्तरणमा एक दियो बालेर आज २०८० पुस २० गते यो यात्रा समाप्त भइरहेको छ।

यस यात्रामा तपाईहरुको अमूल्य सुझाव, सदभाव तथा सहयोगका लागि कृतज्ञ छु। आगामी दिनमा सार्वजनिक भूमिकामा नरहे पनि एक सचेत नेपाली नागरिकको रुपमा नेपालको आर्थिक र सामाजिक विकासमा सधैं नै प्रयत्नशील रहिरहने छु।

धन्यवाद।

रमेश कुमार हमाल
२० पौष २०८०

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np